६३६- ५५१

राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बास्कोटा

सूचना आयुक्त किरणकुमार पोखरेल

सूचना आयुक्त यशोदादेवी तिम्सिना

# आदेश

मु.नं. ५४९/२०७२/०७३

निर्णय नं. ५५१

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत ..............................२ पुनरावेदक

विरूद्ध

कार्यकारी अधिकृत (कार्यालय प्रमुख), अनन्तलिङ्गेश्वर नगरपालिकाको कार्यालय, गाम्चा, भक्तपुर ..१ विपक्षी

सूचना अधिकारी, अनन्तलिङ्गेश्वर नगरपालिकाको कार्यालय, गाम्चा, भक्तपुर ........................१

## विषय :-माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले अनन्तलिङ्गेश्वर नगरपालिकाको कार्यालय, गाम्चा, भक्तपुर समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०७।०१ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७२।०७।१७ को आदेश बमोजिम अनन्तलिङ्गेश्वर नगरपालिका कार्यालय, गाम्चा, भक्तपुरलाई मिति २०७२।०७।३०, च.नं. ५३२ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । प्रस्तुत सन्दर्भमा उक्त अनन्तलिङ्गेश्वर नगरपालिकाको कार्यालय, गाम्चा, भक्तपुरको मिति २०७२।०९।०७, च.नं. २०६६, प.सं. २०७२/०७३ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना यस आयोगलाई प्रेषित गरी पठाएकाले यस्को छांयाप्रति पुनरावेदकलाई उपलब्ध गराउनू र प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बास्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल माघ ०६ गते रोज ४ शुभम् ।